## हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### कृषि मूल्य श्रृङ्खला विकास कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०८/२० गते)**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि मूल्य श्रृङ्खला विकास कार्यक्रम संचालन गर्नका लागि उपमहानगरपालिका क्षेत्र भित्रका कृषक समूहहरु, सहकारी संस्था तथा अन्य संघसंस्थाहरुको लागि तपसिलको शर्तहरुको अधिनमा १५ दिन अर्थात मिति २०७६।०९।०४ गते कार्यालय समय भित्र हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा मा आवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. निवेदन दस्तुर रु १००।- (फिर्ता नहुने गरी) नगद तिरेको रसिद सहित हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा प्रस्ताव सहित निवेदन दिनुपर्नेछ ।

२. निवेदन प्रस्तावमा देहाय बमोजिम कार्यक्रम गर्ने प्रस्ताव हुनुपर्ने छ ।

क) कृषि मूल्य श्रृङ्खला विकास कार्यक्रम अन्तर्गत समावेश गरिने वडा तथा क्षेत्र

ख) कार्यक्रम विस्तृत प्रस्तावमा उत्पादन प्रदर्शन (बीउ, मल, विषादि वितरण तथा व्यवस्थापन), उत्पादित वस्तुको प्रशोधन तथा भण्डारण, डिजिटल कांटा तथा क्रेट वितरण, कृषक अनुशिक्षण तथा स्थलगत घुम्ती तालिम, संकलन तथा बिक्रि वितरण केन्द्र निर्माण, उत्पादक-उपभोक्ता प्रत्यक्ष बिक्री लगायत अन्य आवश्यक कार्यहरु उल्लेख गर्नुपर्नेछ ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

क) कृषक समूह/सहकारी तथा संघ संस्था दर्ता प्रमाणपत्र लगायत कागजातको प्रतिलिपी ( नविकरण सहित) ।

ख) स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी र लेखापरीक्षण प्रतिवेदन ।

ग) कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी

घ) कार्यक्रम संचालन गर्न चाहेको सम्बन्धित् वडा कार्यालयका सिफारिस पत्रहरु ।

४. कार्यक्रममा छनौट भएमा कार्यालयले तोकेको स्पेसिफिकेशन बमोजमको कूल लागत मध्ये बढीमा रु आठ लाख प्राप्त हुनेछ बांकी रकम समूह /सहकारी वा संघसंस्थाले नै व्यहोर्नु पर्नेछ ।

५. कार्यक्रममा छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित समूह /सहकारी /संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

६. कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय मा रहने छ ।

७ रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

८. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।